नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ

फोन नं ०६६५२०१३३-,५२०२५५
फ्याक्स नं ०६६५२०१३४-
इमेल daolamjung@moha.gov.np
वेबसाइट www.daolamjung.gov.np

पत्र संख्याः- ०८०/८१
च.नं: प्रशासन/

मितिः २०८१।०१।०२
नेपाल सम्बतः ११४४ चिल्लाथ्व ६ आइतबार

## हातहतियार बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना।

(गृह मन्त्रालयको च. नं. १७३८, मिति २०८०/१२/२३ को पत्रको निर्देशनबमोजिम)

यस जिल्लामा हातहतियार राख्ने पाउने अनुमति लिएका कतिपय व्यक्ति तथा संस्थाहरुले तोकिएको समयावधिभित्र अनुमतिपत्र नवीकरण गरेको यस कार्यालयको अभिलेखमा नदेखिएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूसँग रहेको हातहतियार र इजाजतपत्रसहित स्वयम् यस कार्यालयमा उपस्थित भइ इजाजतपत्र नवीकरण गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

इजाजतपत्र लिएका तर ५ (पाँच) वर्षभन्दा बढी समयदेखि नवीकरण नगरी म्याद गुजार्ने सम्बन्धित हातहतियारधनीहरुले ३५ दिनभित्र आ-आफ्नो हातहतियार तथा इजाजतपत्र यस कार्यालयमा अनिवार्यरुपमा बुझाउन हुन समेत सूचित गरिन्छ। यो सूचनाबमोजिम तोकिएको समयभित्र नवीकरण नभएमा वा बुझाउनुपर्ने हतियार नबुझाएमा कानूनबमोजिम कारबाही भइजाने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ।

बुद्धवहादुर गुरुङ
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी